नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(..........................................शाखा)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः२०८०।१०।२१
ने.स.११४४ पोहेलागा,९,आईतवार

**राय सुझाव तथा प्रतिक्रिया उपलब्ध गराईदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार, युवा तथा खेलकूद मन्त्रायलबाट निर्माण हुनु पर्ने कानूनको प्राथमिकतामा परेको तथा हाल कार्यान्वयनमा रहेको नेपाल स्काउट ऐन, २०५० लाई प्रतिस्थापन गरी नयाँ ऐन निर्माण गर्न प्राथमिकताक्रमको पहिलो सूचिमा औंल्याइएको हुदाँ नेपाल स्काउट ऐन, २०८० को विधेयक तर्जूमा गर्ने प्रयोजनका लागि तयार पारिएको प्रारम्भिक मस्यौदा उपर राय /सुझाव तथा प्रतिकृया संकलन गर्ने निर्णय भएको हुदाँ यहि २०८० माघ मसान्त भित्र यस मन्त्रालयको ईमेल info@moys.gov.np मा राय, सुझाव तथा प्रतिकृया उपलब्ध गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

साथै नयाँ स्काउट ऐन, २०८० को प्रारम्भिक मस्यौदा यसै साथ संलग्न छ।

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# नेपाल स्काउट सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : नेपाल स्काउटलाई सक्षम र सङ्गठित बनाई नेपाली बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त, आदर्श र मूल्य मान्यता बमोजिम शारीरिक, बौद्धिक, सामाजिक र आध्यात्मिक विकास गरी अनुशासित, स्वावलम्बी र चरित्रवान नागरिक बनाई स्वयंसेवी भावनाको विकास गर्दै देश विकास कार्यमा सहभागी गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल स्काउट ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "पदाधिकारी" भन्नाले प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्त सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "नेपाल स्काउट" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्काउट सम्झनु पर्छ ।

(घ) "प्रदेश कार्यकारी समिति" भन्नाले दफा २३ बमोजिमको प्रदेश कार्यकारी समिति सम्झनु पर्छ ।

(ङ) "प्रदेश सम्मेलन" भन्नाले दफा १८ बमोजिमको प्रदेश सम्मेलन सम्झनु पर्छ ।

(च) "प्रदेश स्काउट" भन्नाले दफा १७ बमोजिमको प्रदेश स्काउट सम्झनु पर्छ ।

(छ) "प्रदेश परिषद्" भन्नाले दफा २० बमोजिमको प्रदेश परिषद् सम्झनु पर्छ ।

(ज) "प्रदेश प्रमुख स्काउट" भन्नाले दफा १७ को उपदफा (३) बमोजिमको प्रदेश प्रमुख स्काउट सम्झनु पर्छ ।

(झ) "प्रमुख अधिकृत" भन्नाले दफा ४१ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(ञ) "प्रमुख आयुक्त" भन्नाले दफा ३५ बमोजिमको प्रमुख आयुक्त सम्झनु पर्छ ।

(ट) "प्रदेश आयुक्त" भन्नाले दफा ३५ बमोजिमको प्रदेश आयुक्त सम्झनु पर्छ ।

(ठ) "प्रमुख स्काउट" भन्नाले युवा तथा खेलकुद मन्त्री सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ढ) "सदस्य" भन्नाले दफा ३८ बमोजिमको नेपाल स्काउटको सदस्य सम्झनु पर्छ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ण) "स्थानीय कार्यकारी समिति" भन्नाले दफा ३२ बमोजिमको स्थानीय कार्यकारी समिति सम्झनु पर्छ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ ।

(थ) "स्थानीय परिषद्" भन्नाले दफा २९ बमोजिमको स्थानीय परिषद् सम्झनु पर्छ ।

(द) "स्थानीय आयुक्त" भन्नाले दफा ३५ बमोजिमको स्थानीय आयुक्त सम्झनु पर्छ ।

(द) "स्थानीय प्रमुख स्काउट" भन्नाले दफा २६ को उपदफा (३) बमोजिमको स्थानीय प्रमुख स्काउट सम्झनु पर्छ ।

(ध) "स्थानीय सम्मेलन" भन्नाले दफा २७ बमोजिमको स्थानीय सम्मेलन सम्झनु पर्छ ।

(न) "स्थानीय स्काउट" भन्नाले दफा २६ बमोजिमको स्थानीय स्काउट सम्झनु पर्छ ।

(प) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले दफा १४ बमोजिमको राष्ट्रिय कार्यकारी समिति सम्झनु पर्छ ।

(फ) "राष्ट्रिय परिषद्" भन्नाले दफा ११ बमोजिमको राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(ब) "राष्ट्रिय सम्मेलन" भन्नाले दफा ९ बमोजिमको राष्ट्रिय सम्मेलन सम्झनु पर्छ ।

## परिच्छेद २

## नेपाल स्काउटको स्थापना

३. नेपाल स्काउटको स्थापना : (१) दफा ४ बमोजिमको उद्देश्य पूरा गर्न नेपाल स्काउटको स्थापना हुनेछ ।

(२) नेपाल स्काउटको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. नेपाल स्काउटको उद्देश्य : नेपाल स्काउटको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, आदर्श, मूल्य, मान्यता र भावनासँग नेपालका बालबालिका तथा युवा वर्गलाई परिचित गराउँदै स्वयंसेवाको भावना जागृत गराई बालबालिका तथा युवा वर्गलाई जनसेवी तथा समाजसेवी बनाउने,

(ख) बालबालिका तथा युवा वर्गलाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, चरित्रवान तथा मानवीय संवेदनायुक्त योग्य नागरिक बनाउने,

(ग) विपद् तथा दुर्घटनामा परेका व्यक्तिहरुको उद्धार तथा मानवीय सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने, गराउने,

(घ) सामुदायिक सेवा तथा विकास र जनहित सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण, भू–संरक्षण तथा प्राकृतिक स्रोतको उपयोग सम्बन्धी विभिन्न जनउपयोगी कार्यक्रम सञ्चालन गर्न युवा जनशक्ति परिचालन गर्ने गराउने,

(च) अन्धविश्वास, कुरीति, कु–संस्कार, सामाजिक विभेद, छुवाछुत, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरुको अन्त्य गर्न तथा सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणको लागि युवा शक्तिलाई परिचालन गर्ने गराउने ।

५. नेपाल स्काउट एक स्वशासित, सङ्गठित र स्वयंसेवी  संस्था हुने : (१) नेपाल स्काउट अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र स्वयंसेवी संस्था हुनेछ ।

(२) नेपाल स्काउटको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) नेपाल स्काउटले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

तर नेपाल स्काउटले नेपाल सरकारबाट प्राप्त गरेको अचल सम्पति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) नेपाल स्काउटले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र नेपाल स्काउट उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) नेपाल स्काउटले व्यक्ति सरह करार गर्न र करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

(६) यस संस्थाले नेपालका प्रचलित कानुनहरुका साथै विश्व स्काउट सङ्गठनको, सिद्धान्त, आदर्श, मूल्य र मान्यतामा रही कार्य गर्नेछ ।

६. प्रतीक चिन्ह, झण्डा, पोशाक, नियम, प्रतिज्ञा र गीत सम्बन्धी व्यवस्था : नेपाल स्काउटको प्रतीक चिन्ह, झण्डा, पोशाक, नियम, प्रतिज्ञा र गीत तोकिए बमोजिम हुनेछ ।

७. नेपाल स्काउटको सङ्गठन : नेपाल स्काउटमा देहाय बमोजिमका सङ्गठन रहनेछन् :-

(क) राष्ट्रिय सम्मेलन,

(ख) राष्ट्रिय परिषद्,

(ग) राष्ट्रिय कार्यकारी समिति,

(घ) प्रदेश सम्मेलन,

(ङ) प्रदेश परिषद्,

(च) प्रदेश कार्यकारी समिति,

(छ) स्थानीय सम्मेलन,

(ज) स्थानीय परिषद्, र

(झ) स्थानीय कार्यकारी समिति ।

८. <u>संरक्षक तथा प्रमुख स्काउट</u> : (१) प्रधानमन्त्री नेपाल स्काउटको संरक्षक रहनेछ ।

(२) उपदफा (१) बमोजिमको संरक्षकले दिएको निर्देशनको पालना गर्नु नेपाल स्काउटको कर्तव्य हुनेछ ।

(३) नेपाल सरकारको युवा तथा खेलकुद मन्त्री नेपाल स्काउटको प्रमुख स्काउट हुनेछ ।

## परिच्छेद-३

## <u>राष्ट्रिय सम्मेलन, राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समिति</u>

९. <u>राष्ट्रिय सम्मेलन</u> : (१) नेपाल स्काउटको सर्वोच्च निकायको रूपमा तोकिए बमोजिमका योग्यता पुगेका स्काउटहरुको राष्ट्रिय सम्मेलन हुनेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधिहरु रहनेछन् :-

(क) राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समितिका पदाधिकारी तथा सदस्यहरु

(ख) प्रदेश स्काउट सम्मेलनबाट प्रत्येक प्रदेशबाट कम्तीमा दुई जना महिला सहित पाँच जनाका दरले निर्वाचित हुने पैतिस जना स्काउटहरु,

(ग) प्रत्येक स्थानीय तहबाट एकजनाको दरले स्थानीय सम्मेलनबाट निर्वाचित हुने स्काउटहरु,

(घ) राष्ट्रिय परिषद्ले दलित, आदिवासी, जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा समुदायहरुबाट प्रतिनिधित्व हुने गरी मनोनयन गरेको कम्तीमा दुई जना महिला सहित सात जना स्काउटहरु ।

(३) राष्ट्रिय सम्मेलन प्रत्येक चार वर्षमा हुनेछ ।

(४) राष्ट्रिय सम्मेलनको अध्यक्षता प्रमुख स्काउटले गर्नेछ ।

(५) राष्ट्रिय सम्मेलका कूल सदस्यहरूमध्ये कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा राष्ट्रिय सम्मेलनको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) राष्ट्रिय सम्मेलनमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

१०. <u>राष्ट्रिय सम्मेलनको काम कर्तव्य र अधिकार</u> : राष्ट्रिय सम्मेलनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय परिषद् तथा कार्यकारी समितिका सदस्यहरु निर्वाचन गर्ने,

(ख) नेपाल स्काउटको नीति निर्माण सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिने,

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) नेपाल स्काउटको विकासको दीर्घकालिन तथा चार वर्षीय योजना स्वीकृत गर्ने ।

११. <u>राष्ट्रिय परिषद</u> : (१) नेपाल स्काउटमा एक राष्ट्रिय परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय परिषद्मा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | प्रमुख स्काउट | -अध्यक्ष |
| (ख) | नेपाल स्काउटको प्रमुख आयुक्त | - उपाध्यक्ष |
| (ग) | सचिव, मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | -सदस्य |
| (च) | नेपाली सेनाको विपद् व्यवस्थापन हेर्ने प्रमुख | -सदस्य |
| (छ) | नेपाल प्रहरीको विपद् व्यवस्थापन हेर्ने प्रमुख | -सदस्य |
| (ज) | सशस्त्र प्रहरी बल नेपालको विपद् व्यवस्थापन हेर्ने प्रमुख | -सदस्य |
| (झ) | सभापति,नेपाल रेडक्रस सोसाइटी | -सदस्य |
| (ञ) | महाशाखाका प्रमुख, मन्त्रालय (स्काउट हेर्ने) | — सदस्य |
| (ट) | प्रत्येक प्रदेशबाट कम्तीमा एक जना महिला सहित तीन जनाका दरले राष्ट्रिय सम्मेलनबाट निर्वाचित एक्काइस जना | -सदस्य |
| (ठ) | नेपाल स्काउटलाई विशेष सहयोग पुऱ्याएका उद्योगी, व्यापारी, समाजसेवीहरुमध्येबाट प्रमुख स्काउटले मनोनित गरेका तीन जना | -सदस्य |
| (ड) | प्रमुख अधिकृत | -सदस्य-सचिव |

१२. <u>राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार</u> : राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल स्काउटको कार्यसम्पादन मूल्याङ्कन गर्ने, गराउने ,

(ख) नेपाल स्काउटको सिद्वान्त, आदर्श र मूल्य मान्यता बमोजिम नीति निर्माण गर्ने,

(ग) राष्ट्रिय कार्यकारी समितिबाट पेश भएको नेपाल स्काउटको वार्षिक योजना तथा कार्यक्रम, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदनहरु स्वीकृत गर्ने,

(घ) नेपाल स्काउटको विनियम स्वीकृत गर्ने,

(ङ) नेपाल स्काउटको दीर्घकालीन तथा चार वर्षीय योजना तर्जुमा गरी स्वीकृतिका लागि राष्ट्रिय सम्मेलनमा पेश गर्ने,,

(च) नेपाल स्काउटको लेखापरीक्षण गराउन लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

(छ) नेपाल स्काउटको विकासका लागि मार्गदर्शन गर्ने र आवश्यक अन्य कार्यहरु गर्ने ।

१३. <u>राष्ट्रिय परिषद्को बैठक</u> : (१) राष्ट्रिय परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) राष्ट्रिय परिषद्को कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) राष्ट्रिय परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षअनुपस्थित भएमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(४) राष्ट्रिय परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) राष्ट्रिय परिषद्को बैठकको निर्णयको प्रमाणीकरण अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(६) राष्ट्रिय परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. <u>राष्ट्रिय कार्यकारी समिति</u> : (१) नेपाल स्काउटको कार्यकारी निकायका रुपमा एक राष्ट्रिय कार्यकारी समिति रहनेछ ।

(२) राष्ट्रिय कार्यकारी समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) प्रमुख आयुक्त – अध्यक्ष

(ख) प्रत्येक प्रदेशबाट एकजनाको प्रतिनिधित्व हुने गरी राष्ट्रिय सम्मेलनबाट निर्वाचित सात जना – सदस्य

(ग) महाशाखाका प्रमुख, मन्त्रालय (स्काउट हेर्ने) – सदस्य

(घ) राष्ट्रिय सम्मेलनबाट निर्वाचित कम्तीमा एक महिला सहित तीन जना स्काउट – सदस्य

(ङ) प्रमुख अधिकृत – सदस्य सचिव

(३) राष्ट्रिय कार्यकारी समितिका पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले छ महिना भन्दा बढी अवधिको लागि राष्ट्रिय कार्यकारी समितिका सदस्यको पद रिक्त हुन गएमा सदस्यहरु जुन प्रक्रियाबाट निर्वाचित भएको हो सोही प्रक्रियाबाट बाँकी अवधिको लागि निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

१५. राष्ट्रिय कार्यकारी समितिको बैठक : (१) राष्ट्रिय कार्यकारी समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) राष्ट्रिय कार्यकारी समितिको बैठकको अध्यक्षता राष्ट्रिय कार्यकारी समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा वरिष्ठ सदस्यले गर्नेछ ।

(३) राष्ट्रिय कार्यकारी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिनेछ ।

(४) राष्ट्रिय कार्यकारी समितिको बैठकको निर्णयको प्रमाणीकरण अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(५) राष्ट्रिय कार्यकारी समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) राष्ट्रिय कार्यकारी समितिका पदाधिकारीहरुको बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

(७) राष्ट्रिय कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. राष्ट्रिय कार्यकारी समितिको काम कर्तव्य र अधिकार : राष्ट्रिय कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय सम्मेलनले दिएको निर्देशन तथा निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) राष्ट्रिय परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) नेपाल स्काउटको विनियम तयार गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद् समक्ष पेश गर्ने,

(घ) नेपाल स्काउटको वार्षिक कार्यक्रम, योजना, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन र प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद् समक्ष पेश गर्ने,

(ङ) नेपाल स्काउटको नीति निर्धारण गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद्मा पेश गर्ने,

(च) नेपाल स्काउटको मातहतका निकायहरुलाई निर्देशन दिने र मार्गदर्शन गर्ने,

(छ) नेपाल स्काउटको कार्य सम्पादन मूल्याङ्कन गर्ने गराउने,

(ज) नेपाल स्काउटको चलअचल सम्पतिको सञ्चालन, संरक्षण, रेखदेख तथा व्यवस्थापन गर्ने,

(झ) नेपाल स्काउटको लागि आर्थिक तथा अन्य स्रोत सङ्कलन गरी परिचालन गर्ने,

(ञ) विपद् वा दुर्घटनामा उद्धार तथा सहयोग लगायत अन्य मानवीय सेवा कार्यमा स्काउटिङ्ग गर्ने, गराउने,

(ट) संगठन विस्तार तथा स्काउटिङ्गको लागि दक्ष जनशक्ति निर्माण गर्न आवश्यक तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल स्काउटको सञ्चालन सम्बन्धमा आवश्यक कार्यविधिहरु तयार गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद्मा पेश गर्ने,

(ड) अन्तर्राष्ट्रिय स्तरमा भातृसम्बन्ध कायम गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने,गराउने,

(ढ) विश्व स्काउट संगठनबाट प्राप्त निर्देशनहरुको पालना गर्ने, गराउने,

(ण) नेपाल स्काउटको उद्देश्य हासिल गर्न आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद ४

## प्रदेश स्काउट

१७. <u>प्रदेश स्काउट</u> : (१) प्रदेश स्तरमा नेपाल स्काउटको विकास, विस्तार तथा स्काउटिङ्ग सम्बन्धी गतिविधि सञ्चालन गर्न एक प्रदेश स्काउट रहनेछ ।

(२) प्रदेश स्काउटको संरक्षक प्रदेशको मुख्य मन्त्री हुनेछ ।

(३) प्रदेश सरकारको सामाजिक विकास मन्त्री प्रमुख प्रदेश स्काउट हुनेछ ।

१८. <u>प्रदेश सम्मेलन</u> : (१) प्रत्येक प्रदेशमा नेपाल स्काउटका तोकिए बमोजिमका योग्यता पुगेका प्रदेशभित्रका स्काउटहरुको प्रदेश सम्मेलन हुनेछ ।

(२) प्रदेश सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधिहरु रहनेछन्:-

(क) प्रदेश परिषद् र प्रदेश कार्यकारी समितिका पदाधिकारी र सदस्यहरु,

(ख) सम्वन्धित स्थानीय स्काउट सम्मेलनबाट प्रत्येक स्थानीय तहबाट कम्तीमा एक जना महिला सहित तीन जनाका दरले निर्वाचित हुने स्काउट,

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) सम्वन्धित स्थानीय स्काउट सम्मेलनबाट दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा समुदायहरुबाट समावेशी प्रतिनिधित्व हुने गरी निर्वाचित कम्तीमा चार महिला सहित दश जना स्काउट ।

(३) प्रदेश सम्मेलन प्रत्येक चार वर्षमा हुनेछ ।

(४) प्रदेश सम्मेलनको अध्यक्षता प्रमुख प्रदेश स्काउटले गर्नेछ

(५) प्रदेश सम्मेलनका कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा प्रदेश सम्मेलनको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) प्रदेश सम्मेलनमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

१९. <u>प्रदेश सम्मेलनको काम कर्तव्य र अधिकार</u> : प्रदेश सम्मेलनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश परिषद् तथा प्रदेश कार्यकारी समितिका सदस्यहरु निर्वाचन गर्ने,

(ख) प्रदेश परिषद्बाट पेश भएको नेपाल स्काउटको प्रदेश स्तरको विकासको दीर्घकालीन तथा चार वर्षीय योजना स्वीकृत गर्ने,

(ग) स्काउटको नीति निर्माण सम्बन्धमा प्रदेश सरकारलाई राय सुझाब दिने,

(घ) प्रदेश स्तरमा स्काउटको विकास एवं विस्तारका लागि अन्य कार्य गर्ने गराउने ।

२०. <u>प्रदेश परिषद्</u> : (१) प्रदेश स्काउट सम्बन्धी नीति निर्माण लगायतका कार्यहरु गर्न प्रत्येक प्रदेशमा एक प्रदेश परिषद् रहनेछ ।

(२) प्रदेश परिषद्मा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) प्रमुख प्रदेश स्काउट -अध्यक्ष

(ख) प्रदेश प्रमुख आयुक्त -उपाध्यक्ष

(ग) सचिव, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, -सदस्य

(घ) प्रदेश स्तरीय शिक्षा विकास निर्देशनालय प्रमुख -सदस्य

(ङ) प्रदेशस्तरका सुरक्षा निकायका प्रमुखहरु -सदस्य

(च) प्रत्येक स्थानीय तहबाट एक जनाको दरले प्रतिनिधित्व हुने गरी प्रदेश सम्मेलनबाट निर्वाचित स्काउट -सदस्य

(छ) दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति तथा -सदस्य

समुदायहरुबाट समावेशी प्रतिनिधित्व हुनेगरी प्रदेश सम्मेलनबाट निर्वाचित कम्तीमा पाँच जना महिला सहित पन्ध्र जना स्काउट

(ज) प्रदेशस्तरको सभापति, नेपाल रेडक्रस सोसाइटी -सदस्य

(झ) प्रतिनिधि, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

२१. <u>प्रदेश परिषद्को बैठक सम्बन्धी व्यवस्था</u> : (१) प्रदेश परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) प्रदेश परिषद्का कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा प्रदेश परिषद्को लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) प्रदेश परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले गर्नेछ ।

(४) प्रदेश परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) प्रदेश परिषद्को बैठकको निर्णयको प्रमाणीकरण अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(६) प्रदेश परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. <u>प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार</u> : प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल स्काउटसँग सम्वन्धित प्रदेश पदाधिकारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने गराउने,

(ख) प्रदेश स्काउटको नीति निर्धारण गर्ने र सो सम्बन्धमा प्रदेश सरकारलाई समेत राय सुझाव दिने,

(ग) प्रदेश स्काउटको वार्षिक योजना तथा कार्यक्रम, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन स्वीकृत गर्ने,

(घ) नेपाल स्काउटको प्रदेश स्तरको विकासको दीर्घकालीन तथा चार वर्षीय योजना तर्जुमा गरी स्वीकृतिको लागि प्रदेश सम्मेलन समक्ष पेश गर्ने,

(ङ) प्रदेश स्काउटको लेखापरीक्षण गराउन लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने,

(च) प्रदेश स्काउटको विकास र विस्तारका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

२३. <u>प्रदेश कार्यकारी समितिको गठन</u> : (१) प्रदेश स्काउटको कार्यकारी निकायका रुपमा एक प्रदेश कार्यकारी समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश कार्यकारी समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) प्रदेश आयुक्त -अध्यक्ष

(ख) प्रतिनिधि, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) प्रदेश सम्मेलनबाट निर्वाचित कम्तीमा दुई महिला सहित सात जना स्काउट -सदस्य

(घ) प्रमुख अधिकृत -सदस्य सचिव

(३) प्रदेश कार्यकारी समितिको पदेन सदस्य बाहेकको अन्य सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले छ महिनाभन्दा बढी अवधिको लागि प्रदेश कार्यकारी समितिका सदस्यको पद रिक्त भएमा जुन प्रक्रियाबाट निर्वाचित भएको हो सोही प्रक्रियाबाट बाँकी अवधिका लागि निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

२४. <u>प्रदेश कार्यकारी समितिको बैठक</u> : (१) प्रदेश कार्यकारी समितिको बैठक कम्तीमा वर्षको चार पटक बस्नेछ ।

(२) प्रदेश कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कार्यकारी समितिका सदस्यमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(३) प्रदेश कार्यकारी समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) प्रदेश कार्यकारी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुने र मत बराबरी भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) प्रदेश कार्यकारी समितिले कुनै विशेषज्ञ वा स्थानीय आयुक्तलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) प्रदेश कार्यकारी समितिको बैठकको निर्णय प्रमाणित बैठकको अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(७) प्रदेश कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्रदेश कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. <u>प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u> : प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल स्काउटको राष्ट्रिय सम्मेलन, राष्ट्रिय परिषद्, राष्ट्रिय कार्यकारी समिति र प्रदेश परिषद्का निर्णय र निर्देशनहरु तथा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) नेपाल स्काउटको प्रदेश स्तरीय नीति निर्धारण गरी स्कृतिको लागि प्रदेश परिषद्मा पेश गर्ने,

(ग) नेपाल स्काउटका प्रदेश स्तरीय वार्षिक कार्यक्रम, योजना, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन र प्रस्तावहरु तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(घ) प्रदेश अन्तर्गत रहेका स्थानीय स्काउटहरूको समन्वय तथा नियम गर्ने तथा स्थानीय स्काउटहरूको काम कारबाहीको सम्बन्धमा आवश्यक मूल्याङ्कन गरी नेपाल स्काउटमा प्रतिवेदन पेश गर्ने ,

(ङ) प्रदेश स्तरीय स्काउट सञ्चालनका लागि आवश्यक कार्यविधि बनाई स्वीकृतिको लागि प्रदेश परिषद्मा पेश गर्ने,

(च) स्काउटका चलअचल सम्पतिको सञ्चालन, संरक्षण, रेखदेख तथा व्यवस्थापन गर्ने, गराउने,

(छ) प्रदेश स्काउटको लागि आवश्यक आर्थिक तथा अन्य स्रोत सङ्कलन गरी परिचालन गर्ने,

(ज) नेपाल स्काउटको राष्ट्रिय कार्यकारी समितिको स्वीकृति लिई प्रदेश स्काउटको चल अचल सम्पतिको व्यवस्थापन गर्ने ,

(झ) प्रदेशस्तरमा स्काउट सम्बन्धी तालिम प्रशिक्षणको आयोजना र व्यवस्थापन गर्ने,

(ञ) प्रदेशस्तरमा विपद् वा दुर्घटनामा उद्धार तथा सहयोग लगायत अन्य मानवीय सेवा कार्यमा स्काउटिङ्ग गर्ने गराउने,

(ट) नेपाल स्काउटको उद्देश्य हासिल गर्न प्रदेशस्तरको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने गराउने

(ठ) अन्य तोकिए बमोजिमका काम गर्ने।

## परिच्छेद-५

## स्थानीय स्काउट

२६. स्थानीय स्काउट : (१) प्रत्येक स्थानीय तहमा एक स्थानीय स्काउट रहनेछ ।

(२) स्थानीय तहको अध्यक्ष वा प्रमुख स्थानीय स्काउटको संरक्षक हुनेछ ।

(३) स्थानीय स्काउटको संरक्षकले तोकेको कार्यपालिकाको सदस्य स्थानीय प्रमुख स्काउट हुनेछ ।

२७. <u>स्थानीय सम्मेलन</u> : (१) प्रत्येक स्थानीय तहमा नेपाल स्काउटका तोकिए बमोजिमका योग्यता पुगेका स्थानीय तह भित्रका स्काउटहरुको स्थानीय सम्मेलन हुनेछ ।

(२) स्थानीय सम्मेलनमा देहाय अनुसारका प्रतिनिधिहरु रहनेछन्ः-

(क) स्थानीय परिषद् र स्थानीय कार्यकारी समितिका पदाधिकारी र सदस्यहरु,

(ख) स्थानीय तहभित्र सञ्चालन भएका स्काउटका तोकिए बमोजिमका एकाइका स्काउट प्रतिनिधि,

(ग) स्थानीय तहभित्रका दलित, आदिवासी, जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति तथा समुदायहरुबाट समावेशी प्रतिनिधित्वका आधारमा स्थानीय कार्यकारी समितिबाट निर्वाचित कम्तीमा एक महिला सहित तीन जना स्काउट ।

(३) स्थानीय सम्मेलन प्रत्येक चार वर्षमा हुनेछ ।

(४) स्थानीय सम्मेलनको अध्यक्षता प्रमुख स्थानीय स्काउटले गर्नेछ ।

(५) स्थानीय सम्मेलनका कूल सदस्य सङ्ख्याको कम्तीमा एक्काउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा सो सम्मेलनको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) स्थानीय सम्मेलनको बैठकठमा वहुमतको निर्णय मान्य हुनेछ र मत बरावरी भएमा अध्यक्षता गर्ने व्यक्तिले मत दिनेछ ।

२८. <u>स्थानीय सम्मेलनको काम कर्तव्य र अधिकार</u> : स्थानीय सम्मेलनको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय परिषद् र कार्यकारी समितिका लागि प्रतिनिधि सदस्यहरु निर्वाचित गर्ने,

(ख) नेपाल स्काउटको स्थानीय स्तरको विकासको दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(ग) नेपाल स्काउटको स्थानीय स्तरमा विकास तथा विस्तारका लागि आवश्यक तोकिए बमोजिमका कार्यहरु गर्ने, गराउने ।

२९. <u>स्थानीय परिषद्को गठन</u> : (१) नेपाल स्काउटको स्थानीय परिषद्का रुपमा एक स्थानीय परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय परिषद्मा देहाय बमोजिमकाअध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | प्रमुख स्थानीय स्काउट | -अध्यक्ष |
| (ख) | स्थानीय आयुक्त | -उपाध्यक्ष |
| (ग) | स्थानीय तहभित्र रहेका स्काउटका एकाइबाट स्थानीय सम्मेलनले निर्वाचित गरेका कम्तीमा पाँच जना महिला सहित पन्ध्र जना | -सदस्य |
| (घ) | स्थानीय तहमा रहेका सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| (ङ) | सभापति, नेपाल रेडक्रस सोसाइटी, सम्वन्धित स्थानीय तह | -सदस्य |
| (च) | स्थानीय उद्योगी, व्यापारी, समाजसेवीमध्येबाट स्थानीय प्रमुख स्काउटले मनोनित गरेका तीन जना | -सदस्य |
| (छ) | स्थानीय तहको स्काउट हेर्ने अधिकृत कर्मचारी | -सदस्य-सचिव |

३०. <u>स्थानीय परिषद्को बैठक सम्बन्धी व्यवस्था</u> : (१) स्थानीय परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) स्थानीय परिषद्को बैठकमा कूल सदस्य सङ्ख्याको कम्तीमा एक्काउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा सो बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) स्थानीय परिषद्को बैठकको अध्यक्षता स्थानीय तहको स्काउट प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा सो बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(४) स्थानीय परिषद्को बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा सो बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) स्थानीय परिषद्को बैठकको निर्णयको प्रमाणीकरण अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(६) स्थानीय परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. <u>स्थानीय परिषद्को काम कर्तव्य र अधिकार</u> : स्थानीय परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय सम्मेलन तथा प्रदेश सम्मेलनका लागि प्रतिनिधि छनौट गर्ने,

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) स्थानीय तहस्तरको नेपाल स्काउट सम्बन्धी नीति निर्माण गर्ने,

(ग) नेपाल स्काउटको स्थानीय स्तरको विकास र विस्तारका लागि वार्षिक योजना निर्माण गर्ने,

(घ) नेपाल स्काउटको स्थानीय तहस्तरको वार्षिक कार्यक्रम तथा बजेट, योजना, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन स्वीकृत गर्ने,

(ङ) नेपाल स्काउटको स्थानीय स्तरको विकासको दीर्घकालीन योजना तर्जुमा गरी स्वीकृतिको लागि स्थानीय सम्मेलनमा पेश गर्ने

(च) नेपाल स्काउटको स्थानीय कार्यकारी समितिलाई निर्देशन र मार्गदर्शन गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

३२. स्थानीय कार्यकारी समितिको गठन : (१) नेपाल स्काउटको स्थानीयस्तरको कार्यकारी निकायका रुपमा एक स्थानीय कार्यकारी समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय कार्यकारी समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) स्थानीय आयुक्त –अध्यक्ष

(ख) स्थानीय तहभित्र रहेका स्काउटका एकाइबाट स्थानीय सम्मेलनले निर्वाचित गरेका कम्तीमा एक जना महिला सहित चार जना स्काउट - सदस्य

(ग) स्थानीय सम्मेलनबाट निर्वाचित कम्तीमा एक जना महिला सहित तीन जना –सदस्य

(घ) स्थानीय तहको स्काउट हेर्ने अधिकृत कर्मचारी –सदस्य सचिव

(३) स्थानीय कार्यकारी समितिका पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पदावधि चार वर्ष हुनेछ ।

(४) स्थानीय कार्यकारी समितिका पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पद कुनै कारणले छ महिना भन्दा बढी अवधिको लागि रिक्त हुन गएमा पहिले जुन प्रक्रियाबाट निर्वाचित भएको हो सोही प्रक्रियाबाट बाँकी अवधिका लागि निर्वाचित गरी पदपूर्ति गर्नेछ ।

३३. स्थानीय कार्यकारी समितिको बैठक : (१) स्थानीय कार्यकारी समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) स्थानीय कार्यकारी समितिको बैठकको अध्यक्षता स्थानीय कार्यकारी समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(३) स्थानीय कार्यकारी समितिको बैठकमा कूल सदस्य सङ्ख्याको कम्तीमा एक्काउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा सो बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) स्थानीय कार्यकारी समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा सो कैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) स्थानीय कार्यकारी समितिको बैठकको निर्णयको प्रमाणीकरण सो समितिको अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(६) स्थानीय कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. स्थानीय कार्यकारी समितिको काम कर्तव्य र अधिकार : स्थानीय कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय सम्मेलन, राष्ट्रिय परिषद्, राष्ट्रिय कार्यकारी समिति, प्रदेश सम्मेलन, प्रदेश परिषद् तथा प्रदेश कार्यकारी समिति र स्थानीय परिषद्ले दिएका निर्देशन तथा निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) नेपाल स्काउटको स्थानीय स्तरको वार्षिक कार्यक्रम तथा बजेट, योजना, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन र प्रस्तावहरु तयार गरी आवश्यक स्वीकृति वा अनुमोदनका लागि स्थानीय परिषद् समक्ष पेश गर्ने,

(ग) नेपाल स्काउटको स्थानीय स्तरीय चलअचल सम्पत्तिको सञ्चालन, संरक्षण, रेखदेख तथा व्यवस्थापन गर्ने,

(घ) नेपाल स्काउटको स्थानीय स्तरका लागि आवश्यक आर्थिक तथा अन्य स्रोत संकलन, परिचालन र उपयोग गर्ने, गराउने,

(ङ) विपद वा दुर्घटनामा उद्धार तथा सहयोग लगायत अन्य मानवीय सेवा कार्यमा स्काउटिङ्ग गर्ने, गराउने,

(च) स्थानीय स्तरमा नेपाल स्काउटको सञ्चालन सम्वन्धमा आवश्यक नीति नियमहरु तयार गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(छ) स्काउट सदस्यताका लागि सिफारिस, स्काउटका गतिविधि तथा इकाइहरु विस्तार गर्ने,

(ज) स्काउटका लागि दक्ष जनशक्ति उत्पादन गर्न तालिम तथा प्रशिक्षण आयोजना तथा समन्वय गर्ने,

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं

(झ) नेपाल स्काउटको उद्देश्य हासिल गर्न आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-६

## आयुक्त, सदस्य तथा कर्मचारी

३५. प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्त : (१) नेपाल सरकारले नेपाल स्काउटको राष्ट्रिय परिषद् सदस्यहरूमध्येबाट प्रमुख आयुक्त नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने प्रमुख आयुक्तको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल स्काउटको विकास र विस्तारको निमित्त आवश्यक नीति, योजना कार्यक्रम तयार गर्न राष्ट्रिय परिषद र राष्ट्रिय कार्यकारी समितिलाई सहयोग गर्ने,

(ख) राष्ट्रिय परिषद र राष्ट्रिय कार्यकारी समितिको निर्णय, आदेश र निर्देशनहरु कार्यान्वयन गर्ने र गराउने,

(ग) नेपाल स्काउटको वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने र प्रगति विवरणहरु राष्ट्रिय परिषदको बैठमा पेश गर्ने,

(घ) नेपाल स्काउटको कार्य संचालनको निमित्त आवश्यक श्रोतको खोजी गर्ने र प्राप्त श्रोतहरुको परिचालन गर्ने,

(ङ) नेपाल स्काउटका गतिविधिहरुको संचालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने, गराउने, र

(च) तोकिए बमोजिमका कार्य गर्ने ।

(३) प्रदेश सरकारले प्रदेश परिषद्का सदस्यमध्येबाट प्रदेश आयुक्त नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त हुने प्रदेश आयुक्तको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्काउटको विकास र विस्तारको निमित्त आवश्यक नीति, योजना कार्यक्रम तयार गर्न प्रदेश परिषद र प्रदेश कार्यकारी समितिलाई सहयोग गर्ने,

(ख) प्रदेश परिषद र प्रदेश कार्यकारी समितिको निर्णय, आदेश र निर्देशनहरु कार्यान्वयन गर्ने र गराउने,

(ग) प्रदेश स्काउटको वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने र प्रगति विवरणहरु प्रदेश परिषदको बैठमा पेश गर्ने,

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) प्रदेश स्काउटको कार्य संचालनको निमित्त आवश्यक श्रोतको खोजी गर्ने र प्राप्त श्रोतहरुको परिचालन गर्ने,

(ङ) प्रदेश स्काउटका गतिविधिहरुको संचालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने, गराउने, र

(च) अन्य तोकिए बमोजिमका कार्य गर्ने ।

(५) सम्बन्धित स्थानीय तहले स्थानीय परिषद्का सदस्यहरुमध्येबाट स्थानीय आयुक्त नियुक्ति गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने स्थानीय आयुक्तको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको पदावधिचार वर्षको हुनेछ ।

३६. <u>पद रिक्त हुने अवस्था</u> : (१) देहायको कुनै अवस्थामा प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको पद रिक्त भएको मानिनेछ :-

(क) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निज नेपाल स्काउटको सदस्य नरहेमा,

(ग) निजले अन्य देशको नागरिकता वा स्थायी बसोबासको अनुमति–लिएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) निजलाई दफा ३७ बमोजिम पदबाट हटाइएमा,

(च) निजको मृत्यु भएमा,

(छ) निज कुनै शारीरिक वा मानसिक रोग लागि वा अन्य कुनै कारणले आफ्नो पदीय दायित्व निर्वाह गर्न असक्षम भएको कुरा सम्बन्धित तहको कार्यकारी समितिबाट ठहर भएमा ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहका प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको राजीनामा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तको पद छ महिनाभन्दा बढी अवधिको लागि रिक्त हुन आएमा यस ऐन बमोजिमको प्रक्रिया अपनाई बाँकी अवधिको लागि अर्को व्यक्तिलाई नियुक्त गरिनेछ ।

३७. <u>पदबाट हटाउन सकिने</u> : (१) प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेमा, पद अनुकूलको आचरण नगरेमा वा इमान्दारीपूर्वक काम नगरेमा निजलाई नियुक्त गर्ने अधिकारीले पदबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(३) प्रमुख आयुक्त, प्रदेश आयुक्त र स्थानीय आयुक्तलाई पदबाट हटाउने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

३८. नेपाल स्काउटको सदस्य : कुनै व्यक्ति नेपाल स्काउटको सदस्य हुन तोकिए बमोजिम स्काउट तालिम प्राप्त गरेको र कुनै राजनितिक गतिविधिमा संलग्न नभएको हुनु पर्नेछ।

३९. नेपाल स्काउटको सदस्यताबाट हटाउन सक्ने : (१) नेपाल स्काउटको कुनै सदस्यले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आचार संहिताको पालना नगरेमा वा आफ्नो पद, स्काउटको मर्यादा वा दायित्व विपरीतको कुनै कार्य गरेमा सम्वन्धित कार्यकारी समितिले सो सम्वन्धमा आवश्यक छानविन गरी सदस्य कायम राख्न उपयुक्त नदेखेमा त्यस्तो व्यक्तिको सदस्यता निश्चित अवधिको लागि निलम्बन गर्न वा सदस्यताबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल स्काउटको सदस्यबाट निलम्बन गर्नु वा हटाउन अघि सम्वन्धित कार्यकारी समितिले त्यस्तो व्यक्तिलाई सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

४०. एक भन्दा बढी पदमा रहन नपाउने : (१) एकै व्यक्ति एकै अवधिमा नेपाल स्काउटको स्थानीय, प्रदेश र राष्ट्रिय तहका कुनै एक भन्दा बढी पदमा रहन सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति एकै अवधिमा माथिल्लो तहमा निर्वाचित भएमा निजको तल्लो पद स्वतः रिक्त भएको मानी सो पदमा बाँकी अवधिको लागि यस ऐन बमोजिम पूर्ति गर्नु पर्नेछ ।

४१. प्रमुख अधिकृत र कर्मचारी : (१) नेपाल स्काउट, प्रदेश स्काउट र स्थानीय स्काउटको प्रमुख कर्मचारीका रुपमा प्रमुख अधिकृत रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमुख अधिकृतको लागि आवश्यक योग्यता, नियुक्ति र निजको काम कर्तव्य तथा अधिकार सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रमुख अधिकृत सम्वन्धित स्काउटको लेखा उत्तरदायी अधिकृत हुनेछ र आफ्नो कार्यक्षेत्रभित्र रहेका स्काउटमा आर्थिक अनुशासन कायम गरी त्यस्तो स्काउटको सम्पतिको सुरक्षा गर्नु निजको कर्तव्य हुनेछ ।

(४) नेपाल स्काउटको आवश्यक कर्मचारीको लागिकर्मचारी सम्वन्धी सङ्गठन ढाँचा सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको प्रतिवेदन राष्ट्रिय कार्यकारी समितिको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गरे बमोजिम हुनेछ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) नेपाल स्काउट प्रदेश स्काउट र स्थानीय स्काउटमा रहने कर्मचारीहरुको दरवन्दी, योग्यता, पारिश्रमिक, सेवाका शर्त तथा  सुविधा, तथा अन्य व्यवस्था नेपाल स्काउटको विनियममा उल्लेख भए  बमोजिम हुनेछ ।

(६) प्रदेश र स्थानीय स्काउटमा आवश्यक कर्मचारीको लागि कर्मचारी सम्बन्धी संगठन ढाँचा सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको प्रतिवेदन प्रदेश कार्यकारी समितिको सिफारिशमा प्रदेश मन्त्रालयबाट स्वीकृत गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७

## नेपाल स्काउटको कोष, लेखा र लेखा परीक्षण

४२. नेपाल स्काउटको कोष : (१) नेपाल स्काउटको सङ्घ, प्रदेश तथा स्थानीय तहमा छुट्टाछुट्टै कोष रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) अन्तराष्ट्रिय सङ्घ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(घ) सदस्यता शुल्कबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि  नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा रहने रकम कुनै वाणिज्य बैंक वा वित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) नेपाल स्काउटद्वारा गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट बेहोरिनेछ ।

४३. लेखा र लेखापरीक्षण : (१) नेपाल स्काउटको सबै तहको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) नेपाल स्काउटको आन्तरिक लेखापरीक्षण नेपाल स्काउटको सम्वन्धित परिषद्ले  तोके बमोजिमको लेखा परीक्षकबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) मन्त्रालयले नेपाल स्काउटको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत माग्न वा जाँच्न सक्नेछ ।

## परिच्छेद ८

## विविध

४४. <u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने</u> : (१) स्थानीय स्तरको स्काउटले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफुले वर्ष भरी सम्पादन गरेका कामहरु तथा उपलव्धी र वर्ष भरी गरिएको खर्च तथा स्काउटको स्रोत साधनको अवस्था लगायतका विषयहरु समावेश गरिएको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह र प्रदेश स्काउट समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रदेश स्काउटले उपदफा (१) बमोजिम स्थानीय स्तरको स्काउटबाट प्राप्त वार्षिक प्रतिवेदनमा उल्लिखित विषयहरु तथा आफुले वर्ष भरी सम्पादन गरेका कामहरु तथा उपलव्धी र वर्ष भरी गरिएको खर्च तथा स्काउटको स्रोत साधनको अवस्था समेटिएको समेटिएको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार र नेपाल स्काउट समक्ष पेश गर्नु पर्नेछ ।

(३) नेपाल स्काउटले उपदफा (२) बमोजिमको प्राप्त प्रतिवेदनमा उल्लिखित विषयहरु समेतलाई समावेश गरी आफुले वर्ष भरी सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, नेपाल स्काउटको तथा स्रोत साधनको अवस्था, नेपाल स्काउटबाट भए गरेका अन्य काम कारवाही तथा नेपाल स्काउटको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेत समावेश गरिएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको नव्वे दिनभित्र मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(४) नेपाल स्काउटले नेपाल सरकार समक्ष पेश गरेको बार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ ।

४५. <u>समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्ने</u> : (१) नेपाल स्काउटको उद्देश्य पूर्तिका लागि सम्वन्धित कार्यकारी समितिहरुले आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यटोलीको काम कर्तव्य र अधिकार सम्वन्धित कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

४६. <u>भाग लिन नहुने</u> : नेपाल स्काउटको सदस्यले नेपाल स्काउटको ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

४७. <u>पारिश्रमिक, सुविधा तथा बैठक भत्ता</u> : (१) नेपाल स्काउटका सङ्घ, प्रदेश तथा स्थानीय स्तरका प्रमुख आयुक्तको सेवा सुविधा सम्बन्धी व्यवस्था विनियममा तोके बमोजिम हुनेछ ।

(२) प्रमुख आयुक्त प्रदेश आयुक्त र स्थानीय आयुक्त बाहेकका सदस्य तथा पदाधिकारीहरुले बैठकमा भाग लिए वापत नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

४८. <u>निर्देशन दिन सक्ने</u> : (१) नेपाल सरकारले नेपाल स्काउटको काम कारबाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्वन्धित स्काउटको कर्तव्य हुनेछ ।

४९. <u>अधिकार प्रत्यायोजन</u> : (१) राष्ट्रिय परिषद्, प्रदेश परिषद् तथा स्थानीय परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार सम्बन्धित कार्यकारी समिति, प्रमुख आयुक्त, प्रदेश आयुक्त, स्थानीय आयुक्त वा प्रमुख अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) राष्ट्रिय कार्यकारी समिति, प्रदेश कार्यकारी समिति वा स्थानीय कार्यकारी समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार सम्बन्धित प्रमुख आयुक्त, प्रदेश आयुक्त, स्थानीय आयुक्त वा प्रमुख अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५०. <u>सहयोग गर्नु पर्ने</u> : नेपाल स्काउटको काम कारबाहीका सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५१. <u>पदक, पुरस्कार तथा सम्मान प्रदान गर्न सक्ने</u> : (१) नेपाल स्काउटमा उल्लेखनीय योगदान पुऱ्याएका वा प्रसंशनीय कार्य गरेका व्यक्तिलाई नेपाल स्काउटले पदक, पुरस्कार वा सम्मान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पदक, पुरस्कार वा सम्मान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. <u>पोशाक, तालिम, तह, ब्याज तथा ब्याज पद्दति</u> : स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा गराउँदाको लागि आवश्यक पोशाक, तालिम, तह, ब्याज तथा ब्याज पद्दति सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. <u>नेपाल सरकारसँगको सम्पर्क</u> : नेपाल स्काउटले नेपाल सरकारसँग सम्पर्क राख्दा युवा तथा खेलकुद मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

५४. <u>सपथ</u> : नेपाल स्काउटका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरुले तोकिए बमोजिम सपथ लिनु पर्नेछ ।

५५. <u>नियम बनाउने अधिकार</u> : यस ऐन कार्यान्वयनका लागि नेपाल सरकारले नेपाल स्काउटको परामर्शमा आवश्यक नियम बनाउन सक्नेछ ।

५६. <u>विनियम बनाउने अधिकार</u> : (१) यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधिनमा रही नेपाल स्काउटले आवश्यक विनियम बनाउन सक्नेछ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको विनियम बनाउँदा नेपाल सरकारमा आर्थिक व्ययभार पर्ने विषय भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५७. खारेजी र बचाउ : (१) नेपाल स्काउट ऐन, २०५० खारेज गरिएको छ ।

(२) नेपाल स्काउट ऐन, २०५० बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।